# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शैक्षिक प्रशासन महाशाखा

भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सः ०८०/०८१
च.नः ६२४८

bmceducationsection@gmail.com

मितिः २०८१/०१/०२

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री विद्यालय व्यवस्थापन समिति,
सबै सामुदायिक विद्यालय,
भरतपुर महानगरपालिका, चितवन।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरु अन्य संघ संस्थामा विभिन्न पदको जिम्मेवारीमा रहेको भनी उजुरी पर्न आएकोमा संघीय शिक्षा ऐन, २०२८ को दफा १६(च) २ , भरतपुर महानगरपालिका शिक्षा ऐन, २०७५ को दफा ३१ (१) र शिक्षा नियमावली, २०५९ को नियम १३३ (१) को (ज) का आधारमा बहालवाला शिक्षकले विभागीय स्वीकृति नलिई अन्यत्र जिम्मेवारी लिने कार्य कानुन विपरीत हुने भनी नगर शिक्षा समितिको मिति २०८०/०५/१२ को निर्णयानुसार सबै विद्यालयलाई सोही बमोजिम गर्न गराउनुहुन निर्देशन गरिएकोमा अझै पनि कतिपय विद्यालयका शिक्षक सहकारी, खानेपानी लगायतका संस्थामा कार्यरत रहेको भनी उजुरी पर्ने क्रम जारी रहेकोले नगर शिक्षा समितिको मिति २०८०/०५/१२ को निर्णय अनुसारको निर्देशन विद्यालय व्यवस्थापन समितिको निर्णयबाट सबै शिक्षकलाई जानकारी गराउन र कडाइका साथ कार्यान्वयन गर्न वि.व्य.स. लाई निर्देशन दिने नगर शिक्षा समितिको मिति २०८०/१०/१६ बाट निर्णय भएअनुसार सोही बमोजिम कार्यान्वयन गर्न गराउनुहुन सबै विद्यायल व्यवस्थापन समितिलाई जानकारी गराइन्छ। शिक्षकले नेपाल रेडक्रस सोसाइटीमा आवद्ध भई पदीय जिम्मेवारी वहन गर्न अनुमति प्रदान गर्न मिल्ने नमिल्ने विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा सोधी पठाइएको हुँदा मन्त्रालयको पत्र प्राप्त भएपछि सोही अनुसार हुने व्यहोरा समेत जानकारी गराइन्छ।

२०८१/०१/०२

महेन्द्रप्रसाद पौडयाल
नगर शिक्षा अधिकारी

**बोधार्थः**

श्री वडा कार्यालय (वडा नं. १-२९): उक्त निर्णयको कार्यान्वयनको अनुगमन तथा सहजीकरण हुन।
श्री सूचना तथा सञ्चार प्रविधि शाखा, वेबसाइटमा अपलोड गरिदिनु हुन।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्री परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned with CamScanner